जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ११६ २०८० साल मंसिर १९ गते मंगलबार (5 Dec. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व समुदायमाझ पुग्यो.. ३ पृष्ठमा : घट्दो वैदेशिक विकास सहायता, बढ्दो ... ३ पृष्ठमा गाजामा मृत्यु हुने प्यालेस्टिनीको

# विदेशी प्रशिक्षकद्वारा सप्तरीमा ग्रासरुट प्रशिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

क्रिकेटका लागि उर्वर भूमी मानिएको सप्तरीका बालबालिकालाई लक्षित गरि विदेशी प्रशिक्षकद्वारा ग्रासरुट प्रशिक्षण सुरु गरिएको छ ।

प्रशिक्षणमा जिल्लाभरमा विद्यालयबाट छात्रछात्राहरुले उल्लेख्यीय सहभागिता जनाएका छन् । दक्ष क्रिकेट खेलाडी उत्पादन गर्ने उद्देश्यले विदेशी प्रशिक्षकको सहभागितामा जिल्लामा ग्रासरुट क्रिकेट प्रशिक्षण कार्यक्रम सुरु गरिएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

ग्रासरुट क्रिकेट प्रशिक्षणमा जिल्लाका नीजि तथा सामुदायिक विद्यालयका छात्रछात्राको उत्साहजनक सहभागिता रहेको छ । ९ वर्ष देखि १८ वर्ष सम्मका छात्रछात्रालाई लक्षित गरेर संघले सोमवारदेखि प्रशिक्षण कार्यक्रम सुरु गरेको हो ।

विद्यालयस्तरबाट क्रिकेटका दक्ष खेलाडी उत्पादन गर्ने उदेश्यले थालिएको ग्रासरुट प्रशिक्षण संगै आन्तरिक प्रतिस्पर्धा गराई निकट भविष्य मै हुन लागेको प्रधानमन्त्री कप क्रिकेट तथा टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितका लागी जिल्ला टिमको खेलाडी छनौट समेत गरिने तयारी भईरहेको सप्तरी क्रिकेट संघका सचिव चन्दन कुमार यादवले जानकारी दिए ।

इङ्गलैण्डबाट आएका ४ महिला र २ पुरुष गरी ६ जना विदेशी प्रशिक्षकको सहभागितामा ग्रासरुट प्रशिक्षण सुरु गरिएको हो ।

कार्यक्रमको सहयोगि संस्था सबल नेपालका कार्यक्रम संयोजक रोशन मण्डलले ६ दिन सम्म चल्ने प्रशिक्षणमा जिल्लाभरका विद्यालयबाट गरी १ सय २५ छात्रा र २ सय १० छात्र गरी ३ सय ३५ जनाको सहभागिता रहेको जनाए ।

इङ्गलेण्डबाट आएका अली एसडी केइड्री, (पुरुष), सकिब शिनहास (पुरुष), योलान्ड हरिष, ( महिला), सारा वेग, (महिला), काजल

*बाँकी तीन पृष्ठमा*

# मोरङमा हात्तीको आक्रमणबाट एकको मृत्यु

मोरङ, १८ मङ्सिर (रासस) ।

मोरङको बेलबारी नगरपालिका-१० स्थित भाउन्नेको जङ्गलमा हात्तीको आक्रमणमा परेर एक पुरूषको मृत्यु भएको छ ।

जङ्गली हात्तीको आक्रमणबाट ५३ वर्षीय कमल माझीको आज मृत्यु भएको मोरङ प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जनकुमार दाहालले जानकारी दिनुभयो । उहाँले लेटाङ नगरपालिका-३ घर भएका माझीलाई साइकलमा घरेलु मदिरा बनाउने मर्चा बोकेर यात्रा गरिरहेका बेला सामुदायिक वन क्षेत्रमा हात्तीले आक्रमण गर्दा घटनास्थलमै निधन भएको उल्लेख गर्नुभयो ।

इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक तेजबहादुर दाहाल नेतृत्वको टोलीले घटनास्थल पुगेर कानुनी प्रक्रिया पूरा गर्दै शव परीक्षणका लागि उर्लाबारीको मङ्गलबारेस्थित मदन भण्डारी अस्पताल एवं ट्रमा सेन्टरतर्फ पठाएका थिए । लेटाङ तथा भाउन्ने आसपासमा रातभर दुई दर्जनभन्दा बढी छावा (बच्चा) सहितको जङ्गली हात्ती देखापरेकाले स्थानीयको सहयोग लिएर प्रहरीले हात्तीको बथानलाई जङ्गलतर्फ धपाउने काम गरेको यहाँका स्थानीयले बताएका छन् ।

कोशी प्रदेशका झापा, मोरङ र सुनसरी जिल्लामा केही दिनदेखि जङ्गली हात्तीको आङ्तक बढेको छ । लस्करै हिंड्ने हात्तीको बथानले विभिन्न ठाउँमा उपद्रो मच्चाइरहँदा सर्वसाधारण त्रसित एवं भयभीत भएका छन् ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# नेहा प्रेसमा आगलागी हुँदा १० लाख बराबरको क्षती



**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

राजविराज नगरपालिका वडा ७ स्थित नेहा अफसेट प्रेसमा सोमवार विहान आगलागी भएको छ ।

प्रेस युनियन सप्तरीका पुर्व सभापती समेत रहेका पत्रकार ओम प्रकाश साहद्वारा संचालित उक्त प्रेसमा विहान १० बजेतीर अचानक विद्युत सर्ट भई आगलागी भएको हो ।

आगलागीबाट १० लाख बराबर क्षती भएको प्रारम्भिक अनुमान गरिएको छ । राजविराज नगरपालिकाको बारुणयन्त्र, प्रहरी तथा स्थानीयको सहयोगमा १ घन्टाको प्रयास पछी आगोमाथी नियन्त्रण कायम गरि थप क्षतीबाट जोगाइएको प्रहरीले जनाएको छ ।

आगलागीमा ३ थान कम्प्युटर, ३ थान प्रिन्टर, फर्निचर, आवश्यक कागजात लगायतका समाग्रीहरु जलेर नष्ट भएको प्रेसका कर्मचारी राजेश चौधरीले बताए ।

काम विशेषले बजार तिर निस्केको तथा प्रेसमा कोही नभएको वेला अचानक आगालगी हुँदा समय मै नियन्त्रणको उपाय नभएकाले बढी क्षती हुन पुगेको हो ।

**सुशासन किन ?**

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विश्व समुदायमाझ पुग्यो हिमाल र हिमनदीका मुद्दा

**रमेश लम्साल**

काठमाडौँ, १८ मङ्सिर (रासस)।

"हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेका छौँ। वैज्ञानिकहरुले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने चेतावनी दिएका छन्। योभन्दा डरलाग्दो विषय अरु हुनै सक्दैन। हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्छ", संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टियो गुटेरेसलाई साथैमा राखेर प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भन्नुभयो।

हिमाल र हिमाली क्षेत्रमा बदलिँदै गएको तस्बिरको यथार्थ विवरण प्रधानमन्त्रीले सुनाउँदै गर्दा विश्वका नेताहरुको ध्यान आकृष्ट भएको सहजै अनुभव गर्न सकिन्थ्यो। संयुक्त अरब इमिरेट (युएइ)मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८) मा प्रधानमन्त्री प्रचण्डसँगै महासचिव गुटेरेसले पनि नेपालको हिमनदी पग्लिदै गएको विषयमा विश्व समुदायको ध्यानाकर्षण गराउनुभएको थियो। यस पटकको सम्मेलनमा विश्वसमुदाय माझ नेपालले आफ्नो विषय प्रष्ट रुपमा राखेको छ। त्यसमा पनि हिमाल र हिमाली क्षेत्रको मुद्दा यसपटक मुखर रुपमा उठेको छ। यो आफैँमा महत्वपूर्ण छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस आफैँले गत कात्तिकमा नेपालको चारदिने भ्रमण गरेर यथार्थ विवरण लिनुभएको थियो। अन्नपूर्ण र सोलुखुम्बुको भ्रमण गरेर हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असर आफैँले अनुभव गरेर फर्कनुभएका उहाँले सचित्र तथ्य पेश मात्रै गर्नु भएन, विश्व समुदायलाई प्रकृति संरक्षणमा थप सचेत हुन आग्रह गर्नुभयो। प्रधानमन्त्री प्रचण्डले कोप-२८ को उद्घाटन सत्र, सम्बोधन सत्र तथा नेपालले आयोजना गरेको 'राउण्ड टेबल' छलफल सत्रमा विश्वव्यापीरुपमा बढ्दो तापक्रमले हिमाललाई यातना दिइएको बताउँदै त्यसलाई पहिले बचाउन आग्रह गर्नुभएको थियो।

नेचर साइनमा सन् २०२३ को फेब्रुअरीमा प्रकाशित एक प्रतिवेदनअनुसार नेपाल, पाकिस्तान, कजाकस्तानसहित एशियाका उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने जोखिम बढेर गएको छ। जलवायु परिवर्तनको असर प्रत्यक्षरुपमा हिमाली क्षेत्रमा देखा परेको छ। विश्वव्यापीरुपमा तापक्रम बढ्दै जाँदा हिमाल पग्लने क्रम उल्लेखनीयरुपमा बृद्धि हुँदा हिमताल फुट्ने जोखिम बढेको सो प्रतिवेदनमा उल्लेख छ। हिमताल फुट्दा विश्वका एक करोड ५० लाख मानिस प्रत्यक्ष जोखिममा पर्नेछन्।

विश्वका डेढ करोड मानिस हिमतालको ३० माइल आसपास बसोबास गर्ने भएकाले हिमताल फुट्दा उनीहरू नै सबैभन्दा पहिले मारमा पर्नेछन्। सोही प्रतिवेदनमा यस शताब्दिको अन्त्यसम्म विश्वका कूल हिमनदीमध्ये आधाभन्दा बढी हराएर जाने उल्लेख छ। बाह्रै महिना हिउँ देखिने हिमाल क्रमशः काला पहाडमा परिणत हुनु आफैँमा डरलाग्दो सङ्केत हो। जलवायु सङ्कटको असरका कारण समयमा हिउँ नपर्नु, परेको हिउँसमेत लामो समय नबस्नु, हिमाली क्षेत्रमा लामखुट्टेलगायतका किराहरुको प्रकोप बढ्नुलाई अर्थ्याइएको छ।

पानीको मूल नफुट्नु, अनावृष्टि, अतिवृष्टि, चरम खडेरीलाई पनि त्यसको अर्को विकराल सङ्केतका रुपमा लिइएको छ। सामान्यतया हिमाली क्षेत्रमा बाढी पहिरो आउँदैन भनिए पनि गत मनसुनमा मुस्ताङमा बाढी, पहिरो जाँदा त्यहाँको जनवीजन प्रभावित हुन पुग्यो। यस्तै, २०७८ असार १ गते मेलम्ची नदीमा भीषण बाढी आउँदा भत्किएको संरचना अझै पुनःनिर्माण भइसकेको छैन। काठमाडौं उपत्यकाको पानीको स्रोत मानिएको सो नदीको पानी अझै नियमितरुपमा ल्याउन सकिएको छैन।

बाढी पहिरोका कारण हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकामा मात्रै झण्डै रु ८० अर्ब बराबरको क्षति पुगेको विवरण छ। बाढी गएलगत्तै अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले गरेको अध्ययनअनुसार मेलम्चीमा भीषण बाढी आउनुको पछाडि त्यसको जलाधार क्षेत्रमा हिमताल विष्फोट हुनु हो। जीवाश्म इन्धनको बढ्दो प्रयोग, अत्यधिकमात्रामा कोइलाको उत्खनन् र प्रयोग, डढेलोका कारण विश्वव्यापीरुपमा तापक्रममा वृद्धि भएको छ। त्यसले ओजन तहमा ठूला प्वाल पारेको छ।

ठूला र शक्तिशाली देशले अन्धाधुन्धरुपमा कार्बन डाइअक्साइड उत्सर्जन गरिरहेका छन्। त्यसको नकारात्मक असरको सिकार विशेषगरी हिमाली देशहरु भइरहेका छन्। सामान्यता, हिमाल पग्लनुलाई जलवायु सङ्कटको सबैभन्दा स्पष्ट र देखिने सङ्केतका रुपमा जानकारहरुले औंल्याएका छन्। अध्येताले २०७७ माघमा भारतको उत्तराखण्डको चमोलीमा हिमबाढी आउनुको पछाडि पनि हिमताल विष्फोटलाई प्रमुख कारणको रुपमा लिएका छन्। बाढीका कारण निर्माणमा रहेका आधा दर्जन जलविद्युत् आयोजना प्रभावित भएका थिए।

स्याटेलाइटबाट प्राप्त तस्बिर तथा कम्प्युटर मोडलिङबाट जलवायु परिवर्तनका कारण हिउँ पर्ने मात्रा र अवस्थामा परिवर्तन देखा परेको छ। हिमाली क्षेत्रमा रहेको कमजोर चट्टान तथा कम माटोका कारण पानीको मात्रा बढ्दै जाँदा साना तलाउ क्रमशः ठूला तालमा रुपान्तरित हुन जान्छ। त्यस्ता तालहरु क्रमशः फुट्दै जान्छन् र पानी तल्लोतटीय क्षेत्रमा बाढी आउँछ।

उत्तरी तथा दक्षिणी धुव्र एवं अर्न्टाटिकामा रहेको बरफैबरफको साम्राज्य पग्लदै जाँदा समुन्द्रमा पानीको सतह बढ्न जान्छ। त्यसले टापु देशमा बढी समस्या निम्त्याउनेछ। फिलिपिन्स र माल्दिभ्सजस्ता देश समुन्द्रमुनि पर्ने अवस्था आउनेछ। यस्तै, वर्मादेखि इरानसम्म फैलिएको हिन्दूकुश क्षेत्रमा सयौँ हिमताल विस्फोट हुँदा त्यसले पहाडी देश बढी मर्कामा पर्नेछन्। हिमताल विष्फोट हुँदा तल्लो तटीय क्षेत्रमा अर्बौं डलर बराबरको क्षति हुनेछ।

यही तथ्यका आधारमा विश्वका एक सय ८० मुलुकका ५० हजार प्रतिनिधिमाझ संयुक्त राष्ट्रसङ्घका महासचिवले अन्टार्टिका र नेपालमा हिउँ पग्लेको विषय सुरुमै उठाएर विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो। कोप-२८ को उद्घाटन शत्रमा महासचिव गुटररेस्ले भन्नुभयो, "केही दिनअघि अन्टार्टिकाको बरफमा थिएँ। केही समयअघि नेपालको पग्लिरहेका हिमनदी माझ थिए। यी दुई ठाउँ धेरै टाढा छन्, तर सङ्कटमा एकताबद्ध छन्। ध्रुवीय बरफ र हिमनदी हाम्रो आँखा अगाडि हराउँदै छन्, जसले भूःस्खलन र बाढीबाट बढ्दो समुद्रमा विनाश निम्त्याइरहेको छ।"

महासचिव गुटेरेसले गत कात्तिक ११ देखि १५ सम्म नेपाल भ्रमण गर्नुभएको थियो। भ्रमणका क्रममा उहाँले सोलुखुम्बु र अन्नपूर्ण आधार शिविरको भ्रमण गर्नुभएको थियो। भ्रमणका क्रममा स्थानीय बासिन्दासँग अन्तरक्रिया गरेर गुटेरेसले जलवायु परिवर्तनको यथार्थ विवरण पत्ता लगाउनुभएको थियो। उहाँले विश्व समुदायको ध्यानाकर्षण गराएपछि प्रधानमन्त्री 'प्रचण्ड'ले पनि हिमाल जोगाइदिन सोही तरिकाले नै आग्रह गर्नुभयो। प्रधानमन्त्री प्रचण्डले पनि हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनै पर्ने बताउनुभएको थियो। हिमालले विश्वसमुदायको सेवा गरेको र तल्लोतटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रुपमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने बताउनुभयो।

सन १९४१ यता हिमपहिरो र हिमताल फुट्नेजस्ता ३० भन्दा बढी प्राकृतिक प्रकोपका घटनामा १५ हजारभन्दा बढीको ज्यान गइसकेको यस क्षेत्रमा अध्ययन गर्दै आएका अध्येताहरुको भनाइ छ। नेपाल, भारत, पाकिस्तानमा हिमपहिरो, हिमताल फुट्नेलगायतका विपद्ले धेरै मानिस प्रभावित भएका छन्। जानकारहरुका अनुसार सन् २०२२ मा मात्रै पाकिस्तानमा १६ वटा हिमताल विस्फोट भएको थियो।

नेपाल र चीनबीच एक हजार नौ सय ८९ किलोमिटर लामो सीमाना छ। प्रमुख नदीका रुपमा रहेका कोशी, नारायणी र कर्णालीको जलाधार क्षेत्र पनि चीनको तिब्बत नै हो। ती नदी जलाधारमा तीन हजार छ सय २४ हिमताल पहिचान भएको छ। ती हिमतालमध्ये नेपालतर्फ ७० र एक हजार पाँच सय नौ वटा चीनको तिब्बतमा पर्छ। इसिमोडको अध्ययनअनुसार ४७ वटा हिमताल विष्फोटको खतरामा रहेका छन्। नेपालले च्छोरोल्पा र इम्जा हिमतालको पानी केही घटाएर सङ्कट कम गरेको छ।

विसं २०७३ असार २१ मा भोटेकोशी नदीमा आएको बाढीको पछाडि पनि तिब्बतमा रहेको गोङवातोङसो ताल विष्फोटलाई लिइएको थियो। सो बाढीका कारण झण्डै रु दुई अर्ब बराबरको क्षति भएको थियो। भोटेकोशी किनाराका कैयौँ पक्की घर, तीन वटा पुल र ४५ मेगावाट क्षमताको भोटेकोशी जलविद्युत् आयोजनामा क्षति पुगेको थियो। जोखिमपूर्ण अवस्थामा रहेका हिमतालको पानी घटाउँदै जाने, पूर्वसूचनाका लागि प्रविधिको जडान, विपद्को पूर्वतयारी गर्नु अत्यावश्यक रहेको छ। उत्तरी छिमेकी देश चीनसँग उच्चस्तरीय सूचना आदानप्रदान संयन्त्रको विकास गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।

विश्व समुदायको ध्यान आकृष्ट गर्ने हिमाल र त्यससँगै रहेको हिमतालको जोखिम कम गर्नु अत्यावश्यक भइसकेको छ। विश्वव्यापी रुपमा तापक्रम बढ्दा हिमनदी माथितिर सर्दै जान्छ। हिमताल विष्फोट हुँदा हिमाली क्षेत्रमा मानिस मात्रै नभई तल्लोतटीय क्षेत्रमा हजारौं मानिस प्रभावित हुनेछन्। नदी किनारमा निर्माण भइरहेका सयौँ जलविद्युत् आयोजना त्यसबाट प्रत्यक्ष रुपमा समस्यामा पर्नेछन्। त्यसको पछिल्लो उदाहरण नै भोटेकोशी जलविद्युत् आयोजना हो।

प्रधानमन्त्री प्रचण्डले कोप-२८ मा नेपालका सन्दर्भ जोड्दै भन्नुभए जस्तै मानव समुदायका लागि महत्वपूर्ण मानिएको हिमाल जोगाउनका लागि विश्वव्यापी रुपमा बढ्दो तापक्रम नियन्त्रण गर्नैपर्छ। कोप २८ को घोषणपत्र सार्वजनिक हुँदा यी र यस्ता विषय सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ। नेपाल जस्ता देशले जलवायु वित्त र हानि नोक्सानी कोष मार्फत शर्तरहित अनुदान पाउनुपर्ने माग रुपमा उठेको छ।

सन् २०२२ मा अमेरिकी अध्ययन संस्था नासाको नेतृत्वमा गरिएको एक अध्ययनअनुसार, यदि तापमान पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री माथि पुग्यो भने मानव उत्पन्न सङ्कटका कारण थप जोखिम देखिनेछ। सन् २०२३ लाई अत्यधिक गर्मीको वर्षका रुपमा चित्रण हुँदै गर्दा आगामी दिन झनै सङ्कटपूर्ण देखिएको छ।

यस वर्ष विश्वको तापक्रम पूर्व औद्योगिक औसतको तुलनामा करिब एक दशमलव एक डिग्रीले बढेको छ। अझै, विश्व तापक्रमलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्ने मार्गबाट अझै टाढा रहेको देखाउँछ। विश्वव्यापी औसत तापमान सन् दुई हजार एक सयसम्म दुईदेखि चार डिग्रीले बढ्ने प्रक्षेपण गरिएको छ। यदि त्यसो भएको खण्डमा चरम मौसमजन्य घटना निम्तने चेतावनी दिइएको छ।

विषम घटनाहरुबाट जोगिन दुबइमा जारी कोप-२८ मा हानी नोक्सानी कोष औपचारिक रुपमा सुरु गरिएको छ। विश्वव्यापी तापक्रम वृद्धिसँग सम्बन्धित प्राकृतिक विपत्तिबाट तहसनहस भएका कमजोर र जोखिममा रहेका राष्ट्रले हानी र नोक्सानी कोषको माग गरेपछि उक्त कोषको सुरुआत गरिएको हो। कोषले नेपालजस्ता देशको हितका खातिर काम गर्नुपर्ने माग यस पटक जबर्जस्तरुपमा उठेको छ। हरितगृह ग्यासको उत्सर्जनलाई क्रमशः कटौती गर्ने, जिवाश्म इन्धनको प्रयोग घटाउने र वातावरण संरक्षणमा ध्यान दिने तथा धनी र औद्योगिक देशले आफ्ना प्रतिबद्धतालाई व्यावहारिकरुपमा कार्यान्वयन गर्न सकेको खण्डमा ओजन तहको संरक्षण पनि गर्न सकिन्छ। त्यसबाट हिमाल जोगिने र प्राणी जगतको एक मात्र घरका रुपमा रहेको पृथ्वी नै जोगिने छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# घट्दो वैदेशिक विकास सहायता, बढ्दो प्रणाली बाहिरको खर्च

**हेमन्त जोशी**

काठमाडौँ, १८ मङ्सिर (रासस)।

पछिल्ला वर्षमा नेपालले प्राप्त गर्ने वैदेशिक विकास सहायता ( अफिसियल डेभलपमेन्ट असिस्टेन्स- ओडिए)को अंश घट्दै जाँदा यस्तो रकम सरकारी प्रणालीभन्दा बाहिरबाट खर्च गर्ने प्रवृत्ति भने बढ्दै गएको देखिएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको विकास सहायता प्रतिवेदन (डेभलपमेन्ट कोअपरेसन रिपोर्ट- डिसिआर) २०२१/२०२२ अनुसार गत आर्थिक वर्ष २०२१/२२ मा नेपालले प्राप्त गरेको कुल वैदेशिक विकास सहायताको करिब २१ प्रतिशत रकम सरकारको वार्षिक बजेट बाहिर (अफ-बजेट) बाट खर्च भएको देखिएको छ।

आव २०२१/२२ मा नेपालले अमेरिकी डलर दुई अर्ब ४० करोड बराबरको वैदेशिक विकास सहायता प्रतिबद्धता प्राप्त गरेकोमा वास्तविक प्राप्ति एक अर्ब ४० करोड अमेरिकी डलर बराबर छ। त्योभन्दा अघिल्लो वर्ष अर्थात् आव २०२०/२१ मा नेपालले एक अर्ब ७० करोड अमेरिकी डलर बराबर विकास सहायता लिएको थियो भने आव २०१९/२० मा पछिल्लो १० वर्षयताकै उच्च अर्थात् दुई अर्ब अमेरिकी डलर विकास सहायता प्राप्त गरेको थियो। विकास सहायता प्राप्तिको यो तथ्याङ्क हेर्दा आव २०१९/२० मा २६ दशमलव नौ प्रतिशतले बढेको थियो भने पछिल्लो दुई आर्थिक वर्षमा भने लगातार घटेको देखिन्छ। नेपालले पाएको विकास सहायता आव २०२०/२१ मा १५ दशमलव नौ प्रतिशत र आव २०२१/२२ मा १५ दशमलव सात प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, बजेट बाहिरबाट खर्च हुने विकास सहायताको अवस्था हेर्दा आव २०१९/२० मा १६ दशमलव पाँच प्रतिशत र आव २०२०/२१ मा १५ दशमलव सात प्रतिशत रहेकामा गत आव २०२१/२२ मा २० दशमलव आठ प्रतिशत पुगेको छ।

धेरैजसो गैरसरकारी संस्थाहरुले नेपालमा खर्च गर्ने ठूलो रकम गैरबजेटरी देखिन्छ। त्यस्तै, विकास सहायताका रुपमा गैरबजेटरी आउने रकम विकास निर्माणका काम र परिणाम देखिने ठाउँमा भन्दा पनि तालिम, गोष्ठी, कर्मचारीको विदेश भ्रमणलगायतमा खर्च हुने गरेको पूर्वमहालेखापरीक्षक सुकदेव भट्टराई खत्री बताउनुहुन्छ।

"सबै विकास सहायता रातो किताबमा आउनुपर्थ्यो तर बाहिरबाट आएको छ। जुन कानूनसम्मत् छैन। दातृ निकायले पनि नेपालमा सहयोग गरेको जस्तो देखिन्छ तर त्यसको नतिजा प्रभावकारी देखिँदैन", खत्री भन्नुहुन्छ, "यस्तो रकम कतिको लेखापरीक्षण हुन्छ, कतिको हुँदैन। खर्चको विवरण माग्दा मन्त्रालय र सम्बन्धित निकायले सन्तोषजनक विवरण दिँदैनन्। किनभने यस्तो रकम उनीहरुले आफ्नो प्रयोजनका लागिसमेत खर्च गरेका हुन्छन्।"

यो विषयमा विगतमा सार्वजनिक लेखा समितिले पनि पटकपटक प्रश्न उठाएको र रातो किताबभित्रबाटै खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको खत्री बताउनुहुन्छ। यसको नियमन, अनुगमन र प्रणालीमा आबद्ध गराउने काम सरकार र अर्थमन्त्रालयको जिम्मेवारी भएकाले यसलाई उनीहरुकै कमजोरीका रुपमा मान्न सकिने उहाँको भनाइ छ।

त्यस्तै, पूर्वमुख्यसचिव डा विमल कोइराला यसलाई आर्थिक अनुशासनको पालना नभएको रुपमा बुझ्नुपर्ने बताउनुहुन्छ। "हाम्रो संविधान, ऐन, कानुनले नै संसद्ले स्वीकृत गरेकोबाहेक सरकारले खर्च गर्न पाउँदैन भनेको छ। बजेट बाहिरबाट हुने खर्चलाई भ्रष्टाचार नै त भन्न मिल्दैन, तर यो हाम्रो कानुन र आर्थिक अनुशासनको उल्लङ्घन हो।"

रातो किताबभन्दा बाहिरबाट हुने खर्च रोक्नका लागि दातृ निकाय र सरकार दुवै जिम्मेवार रहेको उहाँको भनाइ छ। "जसले माग्यो र जसले दियो, ती दुवै जिम्मेवार हुन्। यस्तो खर्चको लेखापरीक्षण पनि मिहीन ढङ्गले हुन सकेको छैन", कोइरालाले भन्नुभयो। विकास सहायताको पारदर्शितामा सरकार र विकास साझेदार दुवै उत्तिकै जिम्मेवार हुन आवश्यक रहेको उहाँको भनाइ छ।

**बजेट बाहिरको खर्च**

सरकारको वार्षिक बजेट पुस्तिका (रातो किताब) मा समावेश हुने रकमलाई बजेटभित्र (अन बजेट) र रातो किताबमा समावेश नभइकन खर्च हुने रकमलाई बजेट-बाहिर (अफ-बजेट) मानिन्छ। त्यस्तै, रातो किताबमा समावेश भएको रकम पनि केही सरकारको ढुकुटी अर्थात् सञ्चित कोष प्रणालीमार्फत् (अन-ट्रेजरी) खर्च हुने गरेको छ भने ठूलो रकम कोष बाहिर (अफ-ट्रेजरी) खर्च हुने गरेको छ।

अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०१९/२० मा नेपालले प्राप्त गरेको दुई अर्ब अमेरिकी डलर बराबर विकास सहायता प्राप्त गर्दा एक अर्ब सात करोड अमेरिकी डलर बजेट भित्रबाट (अन-बजेट) आएको थियो। जुन ८३ दशमलव पाँच प्रतिशत बराबर हो।

उक्त वर्ष प्राप्त भएको कूल वैदेशिक सहायतामा १६ दशमलव पाँच प्रतिशत 'अफ-बजेट' खर्च भएको देखिन्छ। त्यस्तै, उक्त वर्ष ५२ दशमलव आठ प्रतिशत मात्र 'अन-ट्रेजरी खर्च छ। आर्थिक वर्ष २०२०/२१ मा एक अर्ब ७० करोड अमेरिकी डलर वैदेशिक विकास सहायता प्राप्ति हुँदा एक अर्ब ४० करोड अमेरिकी डलर 'अन-बजेट' र २६ करोड ४७ लाख अमेरिकी डलर बराबर 'अफ- बजेट आएको छ। यस अर्थमा ८४ दशमलव तीन प्रतिशत बजेटभित्रबाट र १५ दशमलव सात प्रतिशत बजेट बाहिरबाट खर्च भएको छ। उक्त वर्ष ६६ दशमलव छ प्रतिशत विकास सहायता सरकारी कोष प्रणालीबाट खर्च भएको छ।

त्यस्तै, आर्थिक वर्ष २०२१/२२ सम्म आइपुग्दा वैदेशिक विकास सहायतामध्ये अन-बजेट ७९ दशमलव दुई प्रतिशत र अफ बजेट २० दशमलव आठ प्रतिशत बराबर छ। गत आर्थिक वर्षमा 'अन-ट्रेजरी' खर्च भएको विकास सहायताको अंश ५७ दशमलव चार प्रतिशत बराबर छ।

**कानुनी व्यवस्था**

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा उल्लेखित रणनीति (२.४ 'ङ') ले भन्छ- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गरिनेछ।' सोही नीतिको बुँदा नम्बर ३.२.८ ले भन्छ- "सबै प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुनेगरी स्वीकार गरिनेछ। बजेटमा समावेश भएका सबै सहायताको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।"

त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताको रकमलाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। नीति तथा कानुनमा यस्ता व्यवस्था भएपनि गैर सरकारी संस्थाबाट भएको खर्चको विवरण सरकारको प्रणालीभित्र आउन सकेको देखिँदैन।

नेपालले लिने वैदेशिक विकास सहायता बजेट प्रणालीमा आएर सरकारी कोषबाट खर्च हुनुपर्ने विषय महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमा औँल्याउने गरेको छ। महालेखा परीक्षकको ६०औँ प्रतिवेदनअनुसार विभिन्न १५ मन्त्रालय र तीन अन्य निकायबाट कार्यान्वयन भएका एक सय २४ वटा योजना तथा कार्यक्रममा आएको वैदेशिक सहायता बजेटभन्दा बाहिरबाट खर्च भएको देखिन्छ। रकममा हेर्दा बजेटमा समावेश नभएको वैदेशिक सहायता रू १९ अर्ब २७ करोड २७ लाख ४० हजार बराबर छ।

---

### *विदेशी ...*

बेज्रहास (महिला) र रोववेली ( महिला) प्रशिक्षणमा सहभागि छन्।

यस्तै नेपाली प्रशिक्षक धमेन्द्र चौधरी, राहुल सिंह, उज्जवल यादव, निरज सिह र दिपेन्द्र चौधरी समेत सहभागी भई प्रशिक्षण कार्यमा सघाई रहेका छन्।

सहभागी छात्रछात्रालाई लिखित तथा प्रयोगात्मक दुबै तरिकाबाट प्रशिक्षण दिने व्यवस्था मिलाइएको इङ्गलैन्डको मेलवोर्न क्रिकेट क्लबकी प्रशिक्षक समेत रहेकी प्रशिक्षक सारा वेगले बताईन।

यस्तो ग्रासरुट प्रशिक्षण जिल्लाको खडक नगपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकामा समेत संचालन गर्ने योजना बनाइएको र यसले नेपाली क्रिकेटलाई निकै उपलब्धी प्राप्त हुने प्रशिक्षक सारा वेगको भनाई छ।

जिल्लामा दोश्रो पटक यस्तो कार्यक्रम मार्फत प्रशिक्षण हुन लागेको हो। सप्तरी क्रिकेट खेलको उर्वर भुमि मानिएकाले ग्रासरुट कार्यक्रमबाट नयाँ नयाँ प्रतिभाको उदय हुने विश्वास गरिएको छ। कार्यक्रमका लागी विद्यालयका छात्रछात्रा निकै उत्साहित देखिएका छन्।

---

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

---

# विश्व समाचार

## गाजामा मृत्यु हुने प्यालेस्टिनीको संख्या पन्ध्र हजार नाघ्यो

गाजा, १८ मङ्सिर (रासस/सिन्ह्वा)।

गत अक्टोबर ७ देखि हालसम्म गाजापट्टीमा इजराइली हमलामा मर्ने प्यालेस्टिनीहरूको सङ्ख्या १५ हजार पाँच सय २३ पुगेको हमासको स्वास्थ्य मन्त्रालयले आइतबार बताएको छ। मन्त्रालयका प्रवक्ता असरफ अल-किद्राले पत्रकार सम्मेलनमा स्वास्थ्य सेवाहरू प्रभावित हुँदा प्यालेस्टिनी परिसरमा घाइते मानिसको सङ्ख्या ४१ हजारभन्दा बढी भएको जानकारी दिनुभयो।

उहाँका अनुसार उत्तरी गाजाका अस्पताल आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न असमर्थ भएकाले सयौँ घाइतेको उपचार अत्यन्त सीमित चिकित्सा उपकरणबाट जमिनमा भइरहेको छ। उहाँले गाजापट्टीका सबै अस्पतालमा चिकित्सा र शय्या क्षमताभन्दा बढी सेवा प्रवाह गर्नुपर्ने बाध्यताले गम्भीर रोगहरूको उपचार गर्न संसाधनको कमी रहेको बताउनुभयो।

घाइतेहरूको उपचार विदेशमा गर्ने अनुमति दिने सुस्त व्यवस्थाको आलोचना गर्दै किद्राले इजराइल-हमास युद्ध सुरु भएपछि चार सय तीन मानिसलाई मात्र उपचारका लागि गाजापट्टी छाड्ने अनुमति दिइएको उल्लेख गर्नुभयो। चिकित्सा आपूर्ति, औषधि र इन्धनको प्रवाह सुनिश्चित गर्नका लागि सुरक्षित मानवीय मार्गको माग दोहोर्याउँदै उहाँले घाइते र रोगीहरूलाई सहज उपचारका लागि विदेश जान अनुमति दिन आग्रह गर्नुभयो।

## भाजपालाई चारमध्ये तीन राज्यमा जित हासिल, कांग्रेस एक राज्यमा सीमित

नयाँदिल्ली, १८ मङ्सिर (रासस/एपी)।

भारतको सत्तारूढ दल हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)ले आइतबार सम्पन्न मतदानबाट प्राप्त परिणामअनुसार चार राज्यमध्ये तीनमा जित हासिल गरेको छ। निर्वाचन आयोगको वेबसाइटअनुसार प्रधानमन्त्री नरेन्द्र मोदीको भाजपाले भारतीय राष्ट्रिय कांग्रेसबाट छत्तीसगढ र राजस्थान राज्यको नियन्त्रण खोसेको छ र कीर्तिमानी पाँचौं कार्यकालका लागि मध्यप्रदेशमा पुनः विजय हासिल गरेको छ।

कांग्रेसले तेलङ्गना राज्यमा सजिलै जित हासिल गरेको छ। तेलङ्गनामा भाजपको विरोध गर्ने पार्टीका रूपमा चिनिएको बलियो तेलङ्गना राष्ट्र समितिको शासन छ। पाँचौं राज्य मिजोरममा सोमबार मतगणना हुनेछ। यहाँ भाजपाको क्षेत्रीय सहयोगी दल मिजो नेसनल फ्रन्ट सत्तामा छ। यी पाँच राज्यमा गत महिना मतदान भएको थियो र १६ करोडभन्दा बढी मानिस मतदान गर्न योग्य थिए। भारतमा मतदान सामान्यतया ठूलो जनसङ्ख्याका कारण चरणबद्ध रूपमा गरिन्छ।

प्रधानमन्त्री मोदीले आफ्नो पार्टी विजयी भएका राज्यहरूमा 'मतदाताको अटुट समर्थन' का लागि मतदाताहरूलाई धन्यवाद दिनुभएको छ। "छत्तीसगढ, मध्यप्रदेश र राजस्थानको नतिजाले भारतीय जनता सुशासन र विकासको राजनीतिमा दृढ छन् भन्ने सङ्केत गर्दछ, सुशासन र विकासका लागि भाजपा खडा छ", मोदीले सामाजिक सञ्जाल एक्समा भन्नुभयो। कांग्रेस नेता राहुल गान्धीले तीन राज्यमा हार स्वीकार गर्नुभयो। "विचारको लडाइँ जारी रहने छ", तेलङ्गनाका जनतालाई धन्यवाद दिँदै उहाँले एक्समा भन्नुभएको छ। विजयी भएको खुशीयालीमा भाजपाका कार्यकर्ताहरू केहीले मोदीको मुखुन्डो लगाएर नाचेका थिए भने मिठाइ बाँड्दै खुशीको प्रतीकका रूपमा एकआपसमा रङ दलेका थिए।

नयाँ दिल्ली पार्टी मुख्यालयमा प्रधानमन्त्री मोदी भाजपा कार्यकर्ताहरूबीच हिँड्नुभयो। सम्बोधनमा उहाँले इमानदारी, पारदर्शिता र सुशासनको जित भएको बताउनुभयो। करिब एक दशक सत्तामा रहनुभएका मोदी र उहाँको पार्टी राष्ट्रियस्तरमा लोकप्रिय भएको छ। उहाँले सन् २०२४ मा लगातार तेस्रो पटक जित हासिल गर्नुहुने सर्वेक्षणहरूले देखाएका छन्। यद्यपि इन्डिया भनिने २८ विपक्षी दलहरूको नयाँ गठबन्धनबाट मोदीको पार्टीलाई राष्ट्रियस्तरमा चुनौती हुने अपेक्षा गरिएको छ। इन्डियाको नेतृत्व कांग्रेसले गरेको छ। निर्वाचनअघि मतदाताहरूलाई आकर्षित गर्नका लागि मोदी र गान्धी दुवैजना पाँचै राज्यमा पुग्नुभएको थियो। उत्साहपूर्ण निर्वाचन अभियानमा दुवै नेताले मतदाताहरूलाई अनुदान, ऋण मिनाहा र रोजगारीको प्रत्याभूति दिनुभएको थियो।

## भारतीय वायुसेनाको विमान दुर्घटनाः दुईजना पाइलटको मृत्यु

मेडक, १८ मङ्सिर, (रासस-एएनआई)।

भारतीय वायुसेनाको विमान दुर्घटना हुँदा दुईजना पाइलटको मृत्यु भएको छ। दुईजना भारतीय वायुसेना (आईएएफ) पाइलटहरू सवार पिलाटस ट्रेनर विमान सोमबार बिहान तेलङ्गानाको मेडक जिल्लाको टुप्रन शहरमा दुर्घटनाग्रस्त भएको आईएएफ अधिकारीहरूले जनाएका छन्। अधिकारीहरुका अनुसार डिन्डिगुल जिल्ला नजिकै एयर फोर्स एकेडेमीमा तालिमका क्रममा बिहान ८:५५ बजे सो दुर्घटना भएको हो। पाइलटहरूमा एकजना प्रशिक्षक र अर्का क्याडेट हुन्। एसपी रोहिणीले दिएको जानकारी "यो डन्डिगुल ट्रेनिङ एयरक्राफ्ट हो। विमान भित्र दुई जना सवार थिए, तिनमा एकजना ट्रेनर र अर्का प्रशिक्षार्थी थिए। विमानस्थलका कर्मचारी र क्लु टोली घटनास्थल पुगेका छन्। दमकलले आगो निभाइरहेको छ" दुर्घटना बारे अनुसन्धान जारी छ।

# पिएम कप महिला क्रिकेट छनोट खेलमा राजविराज बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

पिएम कप महिला राष्ट्रिय क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत सप्तरी जिल्ला छनोट प्रतियोगिता तथा त्रिकोणात्मक सिरिजमा राजबिराज महिला क्रिकेट टिम बिजय भएको छ ।

राजबिराजले खडक कुईनसलाई ८३ रनले पराजित गर्दै पहिलो जित हात पारेको हो । सोमवार राजबिराजस्थित सप्तरी क्रिकेट संघ र सबल नेपालको संयुक्त आयोजनामा उदघाटन खेलमा राजबिराज च्यामले टस जितेर ब्याटिंग गर्दै निर्धारित २० ओभरमा २ बिकेटको क्षतिमा १ सय ६० रनको योगफल खडा गरेको थियो ।

जसमा साक्षी यादबले उत्कृष्ट ब्याटिंग गर्दै ११ चौकाको मदतले ५९ रन अविजित खेलेका थिईन । यसैगरी निसम चौधरीले ३१ रन साक्षी देवले रन जोडेकी थिइन ।

यता बलिङतर्फ खडक कुईनसका आरती रामले २ बिकेट हात पारेका थिए । जवाफमा खडक कुईनले २० ओभरमा सबै बिकेट गुमाई ७७ रन मात्र बनाउन सके, जसमा अन्जिली चौधरीले १२ रन बाहेक कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेनन् ।

ञबलिङतर्फ राजबिराजका दिपा रामले उत्कृष्ट बलिंग गर्दै ४ ओभर दुई मेडन ५ रन दिएर ४ बिकेट, साक्षी यादब, सितल चौधरी, आकृती मण्डल समान्य १/ १ बिकेट हात पारेकी थिइन् ।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका राजबिराज च्यामका साक्षीले प्लेयर अफ दि म्याच घोषित भएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

उक्त प्रतियोगिताको एक कार्यक्रम बिच राजबिराज नगरपालिका कावा नगरप्रमुख ईसरत परविनले ब्याटिङ र नगरपालिका प्रवक्ता तथा वडा ८ का अध्यक्ष जयनारायण मण्डलले बलिङ तथा वडा ६ का अध्यक्ष शशी चौधरीले किपिंग गर्दै खेलको उद्घाटन गरेका थिए ।

यस प्रतियोगिता वाट पुस १ देखि काठमाडौमा हुने पिएम कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा छनोटका लागि मंसिर २४ देखि प्रादेशिक महिला क्रिकेट टिममा सहभागिताका लागि सप्तरी जिल्ला महिला क्रिकेट टिम छनोट गर्ने उद्देश्य प्रतियोगिताको आयोजना गरिएको सप्तरी क्रिकेट सँघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

# यूवा बिद्यार्थीको भुमिका तथा कलेज स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

राजविराज जेसीजको आयोजना तथा १६ दिने अभियान मुल समितिको संयोजनमा अभियानको १० औं दिन सोमबार महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजबिराजमा लैङ्गिक हिंसा अन्त्यका लागी युवा बिद्यार्थीको भुमिका तथा कलेज स्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा राजबिराज जेसिजका पदाधिकारी तथा सदस्यहरु र पुर्व अध्यक्षहरु तथा क्याम्पसका युवा बिद्यार्थीहरुको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा राजविराज जेसीज वर्ष २०२३ का कार्यकारिणी उपाध्यक्ष जेसी बिक्रम काबराको अध्यक्षता तथा छिन्नमस्ता गापाका अध्यक्ष बिद्यानन्द चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा बिशिष्ट अतिथिको रुपमा मबिब क्याम्पसका क्याम्पस प्रमुख राजिब कुमार मिश्र, सहायक क्याम्पस प्रमुख राम आशिष यादब, स्वबियु अध्यक्ष रन्जित यादव, एकल महिला समुहकी गिता पाण्डे, सामुदायिक सेवा केन्द्रका भोलानाथ चौधरी, शिक्षक नन्दकिशोर यादव, पुर्व सहायक क्याम्पस प्रमुख शिव नारायण यादव, अतिथि तथा प्रशिक्षकको रुपमा जिल्ला प्रहरी कार्यलयका प्रहरी निरिक्षक सरोज खनाल, मानव अधिकारकर्मी तथा राजबिराज जेसिजका पुर्व अध्यक्ष जेसी मनोहर पोखरेल, राजविराज जेसीज वर्ष २०२३ का उपाध्यक्षहरु जेसी रिया राय, जेसी किरण कुमार साह, सचिव रन्जना चौधरी लगातयको उपस्थिति रहेको थियो भने कार्यक्रम संचालन राजबिराज जेसिजका महासचिव जेसी रबि रायले गरेका थिए ।


स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५/७५८

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
**राजविराज–४, सप्तरी**

**मिति : २०८०/०८/१८**

## सुचना !

**बिषय :- संस्थाको २२औं बार्षिक साधारण सभामा सहभागी हुने बारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८० मंसिर २ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २२औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गरी निर्णय गर्नका लागी देहायमा उल्लेखित एकाईहरुमा प्रतिनिधि मुलक साधारण सभा संचालन हुने भएको हुँदा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुलाई निम्न मिति,स्थान र समयमा सहभागिताका लागी हार्दिक अनुरोध छ ।

**साधारण सभामा छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फ वाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखा समितिको प्रतिवेदन सम्वन्धमा ।
३. आ.व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।
४. आ.व.०७९/०८० मा संचालक तथा लेखा समिती द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्वन्धमा ।
५. आ.व ०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा अनुमानित बजेट स्वीकृती गर्ने सम्वन्धमा ।
६. शेयर लाभांश वितरण सम्वन्धमा ।
७. संरक्षित पूंजी फिर्ता कोष बितरण सम्वन्धमा ।
८. आ.व. ०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
९. संस्थाको विनियम पुर्नलेखन /संशोधन तथा निति नियमावलीहरु, आन्तरिक कार्यविधिहरु र निर्देशिकाहरु सम्वन्धमा ।
१०. बहुउद्देश्यीय व्यावसायिक कृषि फार्म संचालन सम्वन्धमा ।
११. संस्थाका संचालक समिति, लेखा समिति र अध्यक्षको बैठक भता तथा पारिश्रमिक सम्वन्धमा ।
१२. साधारणसभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट तथा साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्वन्धमा ।
१३. कार्यसुचिमा थप भएका अन्य प्रस्तावहरु ।

**कार्यक्रम – १. मिति २०८०/०९/२१ गते ,२३ गते र २५ गते सम्म तल उल्लेखित तालिका बमोजिम एकाई भेला मार्फत सुझाव संकलन तथा प्रस्तावहरु उपर छलफल र एकाई प्रतिनिधि छनौट गरी एकाई बैठकको निर्णय प्रमाणित गर्ने ।**
**२. मिति २०८०/०९/२७ गते एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभाका प्रस्तावहरु उपर छलफल गरी २२औं बार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।**

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान | एकाई बैठकको निर्णय प्रमाणित गर्न प्रतिनिधि संख्या | साधारणसभाको निर्णय प्रमाणित गर्न चयनहुने प्रतिनिधि संख्या |
|---|---|---|---|---|---|---|
| २०८०/०९/२१ गते | १ | राजबिराज न.पा. क्षेत्र | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |
| २०८०/०९/२३ गते | २ | सप्तरी पुर्वी क्षेत्र (राजबिराज न.पा. क्षेत्र देखी पुर्व ) | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |
| २०८०/०९/२५ गते | ३ | सप्तरी पश्चिमी क्षेत्र (राजबिराज न.पा. क्षेत्र देखी पश्चिम ) | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |

**एकाई प्रतिनिधिहरु बाट साधारण सभाको निर्णय प्रमाणिकरण बैठक**

| बैठक मिति | सहभागी | समय | स्थान |
|---|---|---|---|
| २०८०/०९/२७ | चयन भएका एकाई प्रतिनिधिहरु | बिहान ८ बजे | संस्थाको कार्यालय परिसर |

संचालक समितिको आज्ञाले
व्यवस्थापक



## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

### अनुरोधकर्ता
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*